


वर्ष १ ● अङ्क ३१ ● ने.सं. ११४० तछलागा १० (दशमि) ● वि.सं. २०७७ असार १ गते, सोमबार ● 2020 June 15 Monday ● पृष्ठ ८

अनलाइन संस्करण

## कीनपा आ. व. २०७७/०७८ को बजेट बनाउँदै

# आवश्यक सुझाव दिन नगरबासीमा आग्रह

### असार ५ गते भित्र सुझावहरू नगरपालिकामा आइपुगनु पर्ने

कीर्तिपुर नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ को बजेटका लागि आवश्यक सुझाव सङ्कलन गर्ने कार्य थालेको छ। नगरपालिकाले नगरपालिकाको आधिकारिक वेवसाइट, सामाजिक सञ्जाल फेसबुक पेज, टेलिफोन, इमेल र लिखित चिठ्ठीपत्रबाट समेत सल्लाह सुझाव र प्रतिक्रिया लिन थालेको हो।


विश्वव्यापी महामारीको रुपमा कोरोना भाइरस (कोभिड-१९) फैलिएको कारण नेपाल सरकारले पनि लकडाउन गरेकोले आवश्यक सुझाव सङ्कलन गर्न टोल भेलाको आयोजना गर्न सम्भव नदेखिएकोले आधिकारिक माध्ययमबाट यही असार ५ गते भित्र आवश्यक सल्लाह सुझावहरू दिन नगरबासीमा अनुरोध गरेको हो।

यसको लागि नगरपालिकाले जेठ ३० गते एक सूचना जारी गरी आधिकारिक माध्यमका साथै विभिन्न इमेल र सम्पर्क नम्बरहरू सार्वजनिक गरेको छ। जसअनुसार कीर्तिपुर नगरपालिकाको वेवसाइट www.kirtipurmun.gov.np, फेसबुक पेज facebook.com/kirtipurmun त्यस्तै नगर प्रमुखको सम्पर्क नं. ९८५१०२५१२५ र इमेल maharjanramesh25@gmail.com, उप-प्रमुखको सम्पर्क नं. ९८५११९७८११ र इमेल dm.saraswatikhadka@gmail.com, प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्यको सम्पर्क नं. ९८५१२५००३४ र इमेल dhrubaracharya@gmail.com त्यसैगरी सूचना अधिकारी परशुराम चौलागाईंको सम्पर्क नं. ९८५१२१९८०५ र इमेल ict.munkirtipur@gmail.com सार्वजनिक गरेको छ।

कीर्तिपुर नगरपालिकाको आधिकारिक वेवसाइट www.kirtipurmun.gov.np मा नेपालभाषामा समेत आफ्नो सुझाव दिन मिल्नेगरी फारम उपलब्ध गराएको छ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित साप्ताहिक बुलेटिन "नगर सन्देश"को फेसबुक पेज र इमेल nagarsandes@gmail.com मा पनि आ-आफ्ना सल्लाह सुझाव दिनको लागि नगरपालिकाले समस्त नगरबासीमा अनुरोध गरेको छ।

यसरी आएका सुझाव, सल्लाहहरूलाई यही असार १० गते हुने ७ औं नगरसभाको पहिलो चरणको नीति तथा कार्यक्रममा छलफल गरिने छ भने दोश्रो चरणको नगरसभामा बजेट पेश गर्ने र तेश्रो चरणको नगरसाभामा ती कार्यक्रमहरू पारित गर्ने बताइएको छ।



कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ

प.स. ०७६/०७७
च.न.

मिति: २०७७/०२/३०

सम्पूर्ण नगरवासीहरुमा सुझावका लागि आह्वान

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संक्रमण र लकडाउनका कारण स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा प्रक्रिया अनुरुप टोल भेलाको आयोजना गर्न सम्भव नदेखिएकोले यस कीर्तिपुर नगरपालिकाको आगामी आ.व.२०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई व्यवस्थित र कार्यान्वयनयोग्य बनाउनका लागि आवश्यक सल्लाह, सुझाव, प्रतिक्रिया तथा नीति, कार्यक्रम र बजेटमा समावेश गर्नै पर्ने विषयहरुलाई टेलिफोन, लिखित कागजात, इमेल, सामाजिक संजाल लगायतका उपयुक्त माध्यामबाट मिति २०७७ असार ०३ गते भित्र उपलब्ध गराई नगरपालिकाको नीति र योजना निर्माण प्रकृयामा सहयोग तथा सहभागिताका लागि सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक आह्वान गर्दछौं । साथै यस नगरपालिकाको आधिकारिक वेवसाईटमा भएको सुझाव संकलन फाराम भेरर समेत आफ्नो सुझाव दिनु सक्नुहुनेछ ।

सम्पर्क व्यक्तिहरु:

| क.स | नाम | पद | सम्पर्क नं | इमेल |
|---|---|---|---|---|
| १ | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ | maharjanramesh25@gmail.com |
| २ | श्री सरस्वती खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ | dm.saraswatikhadka@gmail.com |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५१२५००३४ | dhrubaracharya@gmail.com |
| ४ | श्री परशुराम चौलागाई | सुचना अधिकारी | ९८५१२१९८०५ | ict.munkirtipur@gmail.com |
| facebook page: facebook.com/Kirtipurmun | | | website: www.kirtipurmun.gov.np | |

कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
देवढोका, कीर्तिपुर

## सम्पादकीय

# वास्तविक अनुगमनको आवश्यकता

हामी आ.व. २०७६।०७७ को अन्तिम महिनामा छौं । सबै तहका सरकारको चालु आ.व.को बजेट तथा कार्यक्रममा पूँजीगततर्फ छुट्याइएका अधिकांश बजेट रकम यही महिनाको १५/२० दिनमा अन्धाधुन्ध खर्च हुने गरेको छ । एकातिर हतार र हचुवामा योजना बनाउने र छनौट गर्ने हाम्रो प्रचलन रहेको र यही समयमा मनसुनी वर्षा हुने र हतार र पानीको भेलमै निर्माण कार्यहरू सम्पन्न हुने गरेको छ भने अर्को तिर वास्तविक आवश्यकताको आधारमा भन्दा पहुँचका आधारमा बजेट तथा कार्यक्रम पार्ने गरिएका अनेकौं तीता यथार्थ हामीसँग रहेका छन् ।

खासगरी यस्ता योजना तथा कार्यक्रमहरूमा उपभोक्ता समितिको नाममा सिमित टाठाबाठा व्यक्तिहरू, कन्सल्टेन्ट, इन्जिनियर, ठेकेदार, निर्माण सामाग्री आपूर्तिकर्ता र विभिन्न तहका सरकारका प्राविधिक, योजना, लेखा तथा बजेटमा सरोकार राख्ने कर्मचारीहरू समेतको मिलेमतोमा जनप्रतिनिधिहरूलाई नाममात्रको अनुगमन गराई ठूलो मात्रामा रकम हिनामिना गर्ने गरिएको घाम जतिकै छर्लङ्ग छ । यसर्थ यो समयमा हुने सबै प्रकारका चाहे त्यो नियमित बजेटरी कामका योजना हुन् चाहे अन्य तरिकाबाट परे पारिएका योजना हुन् ती सबै योजनाहरूको वास्तविक तथा यथार्थपरक अनुगमन र मूल्याङ्कन हुनु जरुरी छ । त्यसो हुन सकेमा मात्र राज्यकोषको सही सदुपयोग हुन सक्छ र जुनसुकै किसिमले बने बनाइएका योजना भए तापनि त्यसले समाज र जनतालाई सुविधा र राहत दिन सक्दछ र कामै नसकी र नगरी बील तथा पेश्की फरफारक गर्ने र धेरै समय पछि मात्र थोरै अंशको काम गरी मिलेमतोमा बजेट सकाउने र पचाउने परिपाटीको अन्त्य हुन सक्छ । यसो हुन सकेमा मात्र दीर्घकालसम्म त्यसले समाजमा सकारात्मक असर पर्दछ ।

अन्त्यमा यो महिनाभर स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधिहरूले अन्य समयमा भन्दा चनाखो तथा सक्रीय भएर बनेका योजना र भएका निर्माणका कार्यहरूमा चासो लिएर सही तथा वास्तविक रुपमा अनुगमन गर्न र सञ्चालनमा आएका सबै प्रकारका योजना तथा निर्माण कार्य गुणस्तरीय बनाउन महत्त्वपूर्ण भूमिका निभाउनु जरुरी छ । त्यसबाहेक उपभोक्ता समितिहरूमा बसेर काम गर्न नसक्ने वा नपाउने लब्धप्रतिष्ठित व्यक्तिहरूले समेत आफ्नो सामाजिक दायित्व सम्झेर आफ्नो वरिपरि सञ्चालित योजना तथा निर्माण कार्यमा चासो राखी निगरानी गरी श्रोत र रकम दुरुपयोग हुनबाट बचाउने भूमिका खेल्न जरुरी छ । त्यसो गर्न सकिए उपभोक्ता समितिको खेति गर्न पल्केका तथाकथित समाजसेवीहरू तथा विकास प्रेमीहरू हतोत्साही भई फेरि अर्को वर्ष पनि त्यसरी नै उपभोक्ता समिति बनाएर आफ्नो दुनो सोझो पार्ने कार्यमा अग्रसर हुने थिएनन् । त्यस्तै सरकारी योजनाको काम पाए पछि समयमा काम नसकी वर्षात कुरेर राज्यकोषको दुरुपयोग गर्ने र गुणस्तरहीन काम गर्ने ठेकेदारहरू विकास निर्माणका काममा हावी हुने थिएनन् । यो संस्कार र संस्कृतिको विकास र थालनी हामीले हाम्रै कीर्तिपुरबाट किन नथाल्ने ? एक पटक यसरी पनि सोच्न नगर सन्देश परिवार कीर्तिपुरका सम्पूर्ण जनप्रतिनिधिहरू, राजनैतिक दलका नेता तथा कार्यकर्ताहरू, सामाजिक अभियन्ताहरू, कर्मचारी वर्ग, उपभोक्ता समितिका महानुभावहरू लगायत सम्पूर्ण कीर्तिपुरबासीमा हार्दिक अनुरोध गर्दछ ।

# कीनपाले शिक्षा क्षेत्रमा गरेको प्रमुख कार्यहरू - ३

जुजुभाइ महर्जन

***९. अतिन्यून वेतनधारी सहजकर्ता तथा विद्यालय कर्मचारीलाई आर्थिक सहुलियत व्यवस्था :***

यस नगरपालिकाले नगरभित्र विद्यालयमा कार्यरत अति न्यून वेतनधारी बालकक्षा शिक्षक सहजकर्ता तथा विद्यालय कर्मचारीहरूलाई काममा उत्प्रेरित गर्न रु.२००० देखि रु.४००० सम्म नगरस्तरीय बजेटबाटै बिनियोजन गरी आर्थिक सहुलियत प्रदान गरेको छ ।

***१०. सुझाव पेटिका व्यवस्था र बालबालिकासँग मेयर कार्यक्रम :***

कीर्तिपुर नगरपालिकाका बालबालिकाहरूले आफ्ना समस्या र कठिनाईहरू आफ्नै मुखले स्थानीय सरकार प्रमुख समक्ष राख्न लगाउनु उपयुक्त ठानी हरेक वर्ष बालबालिकासँग मेयरकार्यक्रम संचालन गर्दै आएको छ । राष्ट्रिय स्तरका टेलिभिजनको समेत उपस्थितिमा बालबालिकाका समस्या सुनि उपयुक्त कदम चाल्न यो कार्यक्रम ज्यादै प्रभावकारी देखिएको छ ।

यसका साथै हरेक विद्यालयमा सुझावपेटीका उपलब्ध गराई आवश्यक सुझाव गुनासो सङ्कलन गर्ने काम समेत निरन्तर चल्दै आएको छ ।

***११. एक विद्यालय एक सम्पदा संरक्षण कार्यक्रम :***

एक्काइसौं शताब्दीका विद्यार्थी देशभक्त, इमान्दार, लगनशील र मेहनति हुनुपर्ने मान्यतालाई शिरोधार्य गरी यस नगर भित्रका प्रत्येक विद्यालयहरूसँग सम्झौता गरी नियमित रुपमा आफ्नो नजिकको धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदा सरसफाइ, संरक्षण कार्यमा योगदान गर्ने बानी विकास गर्न लगाई व्यावहारिक ज्ञानको परिधि बढाउने कार्य सञ्चालन भई आएको छ ।

***१२. कक्षा १ देखि १० सम्मका सबै प्रश्नपत्रहरू नगरपालिकाद्वारा उपलब्ध :***

नगर क्षेत्रका सामुदायिक विद्यालयहरूमा नगर निर्मित शैक्षिक क्यालेण्डर अनुरुप परीक्षा प्रणाली व्यवस्थित, वैज्ञानिक तथा एकरुपतायुक्त बनाउन सबै विद्यालयका लागि निशुल्क स्तरीय प्रश्नपत्र छपाइ गरी परीक्षा सञ्चालन गराउँदै आएको छ । यसले स्थानीय सरकार प्रश्नपत्र मार्फत घरघरमा पुगेको विश्वास गर्न सकिन्छ ।

***१३. हरित विद्यालय योजना कार्यान्वयन र बजेट :***

नेपाल सरकारको घोषित नीति अनुरुप नगरपालिकाले नगरक्षेत्रका सामुदायिक विद्यालयहरूमा हरित विद्यालय, बालमैत्री कक्षा व्यवस्थापन, आइसिटी व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, कम्प्युटर ल्याब तथा शौचालय र खानेपानी लगायतका भौतिक निर्माण सुधारका लागि बजेट प्रदान गरी शैक्षिक गुणस्तर अभिबृद्धिमा सहयोग प्रदान गर्दै आएको छ । भूकम्प पछि समस्यामा परेका विद्यालयहरूको भवन पुनःनिर्माणमा सहयोग गर्दै आएको छ ।

त्यस्तै गरी नगरभित्र नमूना विद्यालयका रुपमा सञ्चालित जनसेवा मा.वि. र मंगल मा.वि.लाई आवश्यकीय काममा सहजीकरण र सहयोग उपलब्ध गराउँदै आएको छ ।

***१४. मेयर खेलकुद विकास कार्यक्रम अन्तर्गत खेलकुद प्रशिक्षण तथा प्रतियोगिता सञ्चालन :***

यस नगरपालिकाले स्थानीय निर्वाचनको घोषणापत्र अनुरुप विद्यालय बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुऱ्याउने उद्देश्यले मेयर खेलकुद प्रशिक्षण कार्यक्रम अन्तर्गत भलिबल, व्याडमिण्टन, चेस, खो खो, फुटबल तालिम कार्यक्रम सञ्चालन गरेको छ, त्यससँगै आवश्यक खेलकुद सामग्रीहरू वितरण गरेको छ । साथै नगर भरिका विद्यालयका बालबालिकाहरूबीच मेयर कप अन्तर विद्यालय खेलकुद प्रतियोगिता गरी पुरस्कृत गर्दै आएको छ ।

***१५. शैक्षिक ऋणको व्यवस्था :***

घरघरमा स्थानीय सरकारको नारालाई सफल बनाउन यस नगरले विभिन्न लोकप्रिय र महत्त्वाकांक्षी योजना र कार्यक्रमहरू अगाडि सारेको छ । शैक्षिक क्षेत्रमा पनि नगरका स्थायी बासिन्दा विद्यार्थीहरूलाई उच्च शिक्षा तर्फ प्रेरित गरी भविष्यमा सक्षम, योग्य नागरिक तयार गर्न प्राविधिक विषय पढ्न चाहने युवाहरूलाई शैक्षिक प्रमाण पत्रका आधारमा प्रति विद्यार्थी पाँच लाख रुपैँयाँ शैक्षिक ऋण प्रदान गर्ने कार्यक्रम अघि सारेको छ ।

प्रत्येक वडाका दुई दुई जनाका दरले प्रदान गर्ने यस कार्यक्रममा यस आ.ब.मा ७ जनाले शैक्षिक ऋण प्राप्त गरी अध्ययन अगाडि बढाएका छन् भने केही प्रक्रियामै रहेका छन् ।

नगरपालिका स्थानीय सरकारका रुपमा क्रियाशील यस समयमा अनगिन्ती कामहरु भइरहेका छन, भइसकेका छन् र हुने क्रममा छन् । सबै काम आफ्नो नीति र कार्यक्रम अनुरुप नगरपालिका प्रतिवद्धताका साथ अगाडि बढनु आजको आवश्यकता पनि हो ।

*समाप्त*

*(लेखक कीनपा शिक्षा शाखाका विद्यालय सुपरिवेक्षक हुन् ।)*

## मेरो धारणा

शैक्षिक क्षेत्रमा पनि नगरका स्थायी बासिन्दा विद्यार्थीहरूलाई उच्च शिक्षा तर्फ प्रेरित गरी भविष्यमा सक्षम, योग्य नागरिक तयार गर्न प्राविधिक विषय पढ्न चाहने युवाहरूलाई शैक्षिक प्रमाण पत्रका आधारमा प्रति विद्यार्थी पाँच लाख रुपैंयाँ शैक्षिक ऋण प्रदान गर्ने कार्यक्रम अघि सारेको छ ।



*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं ।*

# कीर्तिपुरको क्वारेन्टिनमा ८ जना




## कोरोना भाइरस (कोभिड १९) अपडेट

| विश्व | नेपाल |
|---|---|
| कूल संक्रमण - ७९,८२,८२२ | कूल संक्रमण - ५,७६० |
| कूल मृत्यु - ४,३५,१६६ | कूल मृत्यु - १९ |
| निको भइसकेका - ४१,०३,९८४ | निको भइसकेका - ९७४ |

**कीर्तिपुर**

| आरडीटी | पीसीआर |
|---|---|
| परिक्षण - ३७९ | परिक्षण - १७१ |
| पोजेटिभ - ० | पोजेटिभ - १ |
| नतिजा आउन बाँकी - ० | नतिजा आउन बाँकी - ० |

निको - ० क्वारेन्टिन - ८ मृत्यु - ०

कीर्तिपुर नगरपालिकाको बुलेटिन नगर सन्देशद्वारा तयार पारिएको ।
अपडेट - जुन १५, २०२० सोमवार, बिहान ६:१६ बजे (नेपाली समय)

कीर्तिपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालय परिसरमा बनाएको क्वारेन्टिनमा हाल ८ जना बसिरहेका छन्। नेपाल सरकारले गत चैत्र ११ गतेदेखि देशैभर लकडाउनको घोषणा गरे लगत्तै कीर्तिपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालय परिसरमा सम्भावित सङ्क्रमितहरूका लागि क्वारेन्टिन बनाएको भएता पनि हाल विदेशबाट आएकाहरूलाई राख्ने गरिएको छ।

गत जेठ २५ गते भारतको गोवाबाट आएका २ जना र २६ गते भारतकै गोवाबाट आएका १ जना त्यसैगरी यही जेठ २६ गते नेपालकै पाँचथरबाट आएका ४ जना र पहिले नै मलेसियाबाट आएका १ जना गरी जम्मा ८ जना हाल उक्त क्वारेन्टिनमा बसिरहेका छन्। त्यसभन्दा पहिले बसेकाहरूको भने आरडिटी परीक्षण गरी नेगेटिभ रिपोर्ट आएकोले सबै नै आ-आफ्नो घरतिर गइसकेको थियो।

हाल बसिरहेका पाँचथरका ४ जनालाई पनि आरडिटी परीक्षण गरिसकेको छ भने सबैको नेगेटिभ रिपोर्ट पनि आइसकेको छ।

हाल सम्म ३७९ आरडिटी परीक्षण गरी सकेको छ भने सबै नै नेगेटिभ आएको छ। पिसीआर भने १७१ परीक्षण गरेको मध्ये १ जनामा पोजिटिभ रिपोर्ट आएकोले वहाँलाई बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालमा राखिएको छ भने वहाँको स्वास्थ्य स्थति सामान्य रहेको बताइएको छ।

## कीर्तिपुर नगरपालिकाको
# अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४


साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।

# किपू नगरपालिका वडा नं. २ ग:सिइ लँ दयेकल

लकडाउनया झ्वलय् नं किपू नगरपालिकाय् विकास निर्माणया ज्या मदिक्क न्ह्यानाच्वंगु दु। थ्वहे झ्वलय् किपू नगरपालिका वडा नं २ गःसि टोल साधना मार्गया लँया स्तर उन्नति जूगु दु। थ्यंमथ्यं ९३ मिटर ताःहाकःगु उगु लँय् जवंखवं ढलान याना दथुइ ब्लक तयेगु ज्या क्वचायेकूगु खः।

२ नं. वडाया सहकार्यय् नगरस्तरीय योजना अन्तर्गत थुगु लँ दयेकेज्या क्वचायेकूगु खः । थ्यंमथ्यं ७ लख ७१ द्वःतकाया थुगु योजना छुं न्हि न्ह्यः तिनि क्वचाःगु वडा अध्यक्ष रमेशमान डंगोलं जानकारी बियादीगु दु।





किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौं।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या:
च.नं.:
मिति: २०७७ ०२/२२

श्री सामुदायिक तथा संस्थागत विद्यालयका सबै प्रधानाध्यापक, प्रिन्सिपल तथा शिक्षकहरु,
कीर्तिपुर नगरपालिका, काठमाण्डौं।

विषय : अध्यापनका लागि सम्पर्क राख्ने सम्बन्धमा।

प्रस्तुत विपयमा यस नगरपालिकाद्वारा कोभिड-१९ को विद्यमान विषम परिस्थितिलाई मध्यनजर गरी **वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजिकरण निर्देशिका-२०७७** बमोजिम नगरपालिका भरीका विद्यार्थीलाई लक्षित गरी टिभी च्यानल तथा एफ.एम.बाट हाललाई कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि कक्षा सञ्चालन गर्ने कार्यक्रम रहेकोले सो माध्यमबाट अध्यापन गर्न इच्छुक कीर्तिपुर नगरपालिका अन्तर्गतका विद्यालयहरूमा कार्यरत शिक्षकहरूले आ-आफ्ना प्रधानाध्यापक/प्रिन्सिपलज्यू मार्फत निम्न व्यक्तिहरूसंग सम्पर्क गरी अध्यापन गर्ने विषय, कक्षाको विवरण र आफ्नो सम्पर्क नम्बर यहि जेष्ठ मसान्त भित्र टिपाई सहयोग गरिदिनुहुन अनुरोध छ।

**क) श्री जनसेवा मा.वि.का प्रधानाध्यापक श्री देवराज महर्जन - ९८४९०२१२७४**

**ख) श्री जुजुभाइ महर्जन, शिक्षा शाखा, कीनपा - ९८५१०६७४९५**

गोविन्द प्रसाद निरौला
शाखा अधिकृत
शिक्षा शाखा, कीर्तिपुर नगरपालिका

## कीर्तिपुर नगरपालिका

कोरोना भाइरस (COVID-19) को माहामारीमा र
ाहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**

**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**

**खाताको नाम**

**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**

**खाता नं.**

**१७०००३०७०२०००२**

# इछैंया फल्चाय् ढलान क्वचाल

किपू नगरपालिका वडा नं १० इछैंय् च्वंगु फल्चाया ढलान शनिवाः क्वचाःगु दु। कीर्तिपुर वाचनालय दुगु थुगु फल्चायात ल्ह्वनां नेवाः पहः वयेक न्हूकथं दयेकेज्या जुयाच्वंगु खः।

किपू नगरपालिका व वडा नं १० या मंकाः बजेटय् थुगु फल्चा दयेके ज्या जुयाच्वंगु खः। किपू नगरपालिकां १५ लख व ६४ द्वः अथेहे वडा नं १० पाखें ८ लख तकायानां मुक्कं नगरपालिकापाखेंया २३ लख ६४ द्वः तकाया बजेट व उपभोक्ता समितिपाखें १ लख व २५ द्वः तका यानां मुक्कं २४ लख ८९ द्वःतकाया लागतय् थुगु फल्चा दयेकाज्या न्ह्यानाच्वंगु खः।



कृष्ण कुमार महर्जनया नायःसुई "इटाछैं पाटी निर्माण उपभोक्ता समिति" नीस्वना किपू नगरपालिकाय् वंगु वि.सं. २०७६ साल पुष १ गते हे सम्झौता याना ज्या न्ह्याकाच्वंगु खः। वंगु वि.सं. २०७७ बैशाख २६ गते दुने क्वचायेकेगु ताः तयातःगु खःसां नं देसय् लकडाउनया हुनिं लिबाःगु खः। थुगु फल्चा दयेके क्वचाइबलय् मुक्कं द्वःछि मनूत लाभान्वित जुइगु धाःगु दु।

---

# लँ व धः दयेकेत नगरपालिकाय् डेलिगेशन

किपू नगरपालिका वडा नं. ५ या स्थानीयबासीपिं किपू नगरपालिकाय् डेलिगेशन वःगु दु। वडा नं ५ या लिसें पांगाया बच्छि धैंथें जनतायात लँ व धःया समस्या जुयाच्वंगुलिं व ज्यंकाबीत नगर प्रमुख रमेश महर्जनयात नापलाना इनाप याःगु खः। वंगु जेठ ३० गते नगरपालिकाया न्हूगु छेंय् डेलिगेशन वया नगर प्रमुखलिसे नाप लाना थ्व खँया जानकारी बियादीगु खः।



नगर प्रमुख महर्जनं लँ व धःया ज्या नापनापं जुयाच्वंगु व गनं गनं समस्याय् लानाच्वंथाय् आपसी समझदारी ज्या यायेगु खँ कनादिल। लिसें प्रमुख महर्जनं सुयागुं छेंय् बांमलाक लिच्वःलाइगु थें जाःगु दुसा अन छुं हे मयायेगु व सुयागुं छें क्षति जुइक ज्या यायेमखुगु खँ स्पष्ट यानादिल।

ज्याझ्वलय् उप-प्रमुख सरस्वती खड्का, ५ नं. वडा अध्यक्ष राजेन्द्र महर्जनया नं ब्वति दुगु खः।



**असार शुरू :** आफ्नो खेतमा धान रोप्न तयारी गर्दै कीर्तिपुर नगरपालिका वडा नं. २ का अध्यक्ष रमेशमान डंगोल। किसानहरूको महत्त्वपूर्ण महिना असार आजदेखि शुरु भएको छ।
*तस्बिर : लजिन सिंह*





# कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुऱ्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने इच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

# उप-प्रमुखद्वारा योजनाको निरीक्षण





कीर्तिपुर नगरपालिका वडा नं. ४ अन्तर्गत गाम्चामा विभिन्न योजनाहरूको नगरपालिकाका उप-प्रमुख सरस्वती खड्काले निरीक्षण गर्नुभयो। कीर्तिपुर नगर पालिकाको वडा तथा नगर स्तरीय बजेटबाट उक्त योजनहरू सञ्चालन भएका हुन्। विष्णुदेवी मन्दिरको स्तरउन्नति तथा गाम्चा सामुदायिक पाटी निर्माण योजना सञ्चालन भई कार्यसम्पन्नको अन्तिम चरणमा पुगेको छ।

कीर्तिपुर नगरपालिकाको वडास्तरीय योजना अन्तर्गत विष्णुदेवी मन्दिरको स्तरउन्नतिका लागि चालु आर्थिक वर्षमा रु. ५ लाख बजेट विनियोजन गरेको थियो। उक्त बजेटको कार्यान्वयन सम्पन्न हुने र अर्को आर्थिक वर्षमा पनि योजना निरन्तरता दिनुपर्ने उक्त मन्दिर स्तरउन्नति समितिका अध्यक्ष डिक्सन महर्जनले निरीक्षणका क्रममा आउनुभएका उप-प्रमुख सरस्वती खड्का समक्ष राख्नुभएको थियो। उप-प्रमुख खड्काले निरीक्षणका क्रममा नगरपालिकाले सक्दो सहयोग गर्ने बताउनुभयो।

निरीक्षणकै क्रममा सामुदायिक पाटी निर्माण कार्यको पनि उप-प्रमुख खड्काले निरीक्षण गर्नुभयो। उक्त पाटी निर्माण कार्य अघिल्लो वर्षको योजनालाई निरन्तरता दिँदै कीर्तिपुर नगरपालिकाले चालु आर्थिक वर्षमा नगरस्तरीय बजेटबाट रु. २० लाख विनियोजन गरेको थियो। उक्त पाटी निर्माण सम्पन्न भएकोमा खुशी हुँदै निर्माण उपभोक्ता समितिका अध्यक्ष कृष्णकाजी महर्जनले निरीक्षणका क्रममा आउनुभएका उप-प्रमुख खड्काप्रति आभार प्रकट गर्नुभएको थियो।

## कीर्तिपुर नगरपालिका
## कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको

### सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/११/१६)

(पुनःप्रकाशित मितिः २०७७/०२/१९)

यस नगरपालिका अन्तर्गतको तपसिलको योजना सिलवन्दी बोलपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नवीकरण भएको इजाजतपत्र, सम्वन्धित स्थानीयतहमा व्यवसायदर्ता गरेको प्रमाण पत्र, फर्म कम्पनीदर्ता प्रमाण पत्र, आ.ब. ०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र, स्थायी लेखानम्बर दर्ता प्रमाण पत्रएवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत बोलपत्र फाराममा उल्लेखित अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।
२) बोलपत्र फाराम नगरपालिका कार्यालयबाट मिति २०७६/०३/०१गते कार्यालय समय भित्रखरिद गरी मिति २०७६/०३/०२गते मध्यान्ह १२:०० बजेसम्ममा नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ। दर्ता भएका सिलबन्दी बोलपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा मिति २०७६/०३/०२ गते अपरान्ह २:०० बजे खोलिनेछ। निर्माण व्यवसायीवावारेसको उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३) तोकिएको मितिमा विदा परेमाविदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।
४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
५) सिलबन्दी बोलपत्रसाथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकमयस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं.१७००३०३००३००५मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको हकमा कम्तीमा १२० दिन मान्य अवधी रहेको बैंक जमानीपत्र संलग्न भएको हुनुपर्नेछ।
६) बोलपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ।
७) बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको website www.kirtipurmun.gov.np र सूचना पाटीमा टाँस गरिएको छ।
८) यस बोलपत्र सम्बन्धी अन्य कुनैपनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वाफो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ।
९) बोलपत्रस्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागतअनुमान (मु.अ.क. बाहेक) | बोलपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १. | KRM - 44/076/077 | मितेरीपुल स्वर्गद्वारी टोल समेत राजकुलो - हिकाष्ट सडक स्तरोन्नती तथा कालोपत्रे, वडा नं. २ | ४२,८९,१६४।४४ | ३०००।- |

# कीनपाको आकस्मिक कोषमा सहयोग रकम जम्मा गर्नेक्रम जारी

कीर्तिपुर नगरपालिकाले स्थापना गरेको आकस्मिक कोषमा यो साता रु.११ हजार १ सय ११ मात्र जम्मा भएको छ। विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण नेपाल सरकारले पूरै नेपाललाई लकडाउन गरेकोले कीर्तिपुर नगरभित्र असङ्गठित क्षेत्रमा कार्य गर्ने तथा विपन्न वर्गलगायत कोही पनि भोकै नपरून् भनी कीर्तिपुर नगरपालिकाले राहत वितरण गर्न यो कोषको स्थापना गरेको थियो।

नगरपालिकाले कोषको लागि राष्ट्रिय बाणिज्य बैंक, टेकुमा "कीर्तिपुर नगरपालिका आकस्मिक कोष" नामक खाता खोली सञ्चालन गरेको हो। खाता नं. १७०००३०७०१०००२ रहेको उक्त कोषमा सहयोग गर्न नगरपालिकाले सर्वसाधारणहरूसँग समेत अनुरोध गरेको थियो। हालसम्म पछिल्लो पटक नव जागरण महिला समूह, त्यालँले उक्त कोषमा सो रकम जम्मा गरेको हो। समूहका पदाधिकारीहरूले जेठ ३० गते कीर्तिपुर नगरपालिकाको नयाँ भवनमा नगर प्रमुख रमेश महर्जनलाई सो रकम हस्तान्तरण गरेको हो। उक्त हस्तान्तरण कार्यक्रममा उप-प्रमुख सरस्वती खड्का, ,वडा नं. १० का अध्यक्ष अमन महर्जन लगायतको उपस्थिति रहेको थियो।

## आकस्मिक कोषमा यो साता नगद सहयोग गर्नु हुनेको नामावली

७०. नव जागरण महिला समूह, त्यालँ – रु. ११,१११।-

*(६९ नं. सम्म अघिल्लो अङ्कमा प्रकाशित भइसकेको छ।)*



**हार्दिक आमन्त्रण**

२०७७ असार २ गते मंगलवारका दिन बिहान ७:३० बजे देखि ८:३० बजे सम्म Zoom मार्फत् आयोजना गरिने Online अन्तक्रिया कार्यक्रमा सहभागिताका लागि हार्दिक आमन्त्रण गरिन्छ।

**Communication during lockdown**
**Meeting Link:**
**https:// zoom=us/j/96341874771**

**कार्यक्रमको बिषय : शिक्षा विशेष**

अतिथिहरू

१. प्रा.डा.लेखनाथ शर्मा, उपकुलपति, नेपाल खुला विश्वविद्यालय
२. टंकलाल गैरे, शिक्षा शाखा प्रमुख, कीर्तिपुर नगरपालिका
३. लोकलाल महर्जन, अध्यक्ष, कीर्तिपुर नगरक्षेत्र सामुदायिक विद्यालय समिति
४. रमेशमान महर्जन, पूर्व उप-मेयर तथा पूर्व अध्यक्ष, सार्वजनिक शैक्षिक गुठी
५. कुमार भट्टराई, निवर्तमान अध्यक्ष, शिक्षाका लागि राष्ट्रिय अभियान, नेपाल

**Meeting ID: 69341874771**

**कीर्तिपुर नगरपालिका**
**देवढोका, कीर्तिपुर**

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com